श्रीमान् रजिष्ट्रार ज्यू,

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान

हेटौंडा

**प्रस्ताव पत्र दस्तुर: रु. १०००.००**

**श्रीमान,**

त्यस कार्यालयलाई आवश्यक परेको छात्र /छात्राबास सेवा करारमा लिनको लागि मिति २०७८/०४/२६ मा प्रथम पटक सूचना प्रकाशित भए बमोजिम यसै साथ प्रस्ताव पेश गरेका छौं। हाम्रो दररेट यसै साथ संलग्न फारममा उल्लेख गरिएको छ। हामी सेवा करार यसै फारममा उल्लेखित शर्तहरुको अधिनमा रहि गर्न मञ्जुर छौ ।

**हाम्रो विवरण निम्न बमोजिम छ :**

**प्रस्तावदाताको नाम :**

**ठेगाना :**

**सम्पर्क नं.:**

**स्थाई लेखा नं.:**

**हस्ताक्षर :**

**मिति :**

**फर्म वा कम्पनीको छाप :**

## प्राविधिक/आर्थिक प्रस्तावना

१. दरभाउपत्रदाताले नवीकरण गरेको फर्म दर्ता प्रमाण पत्र, स्थाइ लेखा नं. दर्ता प्रमाण-पत्र र २०७६/७७ को कर चुक्ता प्रमाणपत्र को प्रमाणीत प्रतिलिपि दरभाउपत्र साथ पेस गर्नु पर्ने छ। उपयुक्त उल्लेखित कागजातहरु पेस नगरेका दरभाउपत्रदाताको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन।

२. दरभाउपत्र पेश गर्दा लाग्ने सम्पूर्ण खर्च दरभाउपत्रदाता आफैले ब्यहोर्नुपर्नेछ।

३. सम्पूर्ण करहरु दरभाउदाताले नै व्यहोरर्नु पर्नेछ। कुनै पनि कर वापत तिरेको रकमको सोधभर्ना दिइने छैन।

४. छात्र/छात्रावास सञ्चालनको लागि दरभाउपत्र फारमको प्याकेज A मा उल्लेख भए बमोजिमको दररेटमा खाना नास्ता खुवाउनु पर्नेछ र प्याकेज B मा उल्लेख भए बमोजिमको दररेटमा आवास को व्यवस्था गर्नुपर्नेछ। उक्त दररेटमा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको निर्णय बेगर परिवर्तन गर्न पाइने छैन।

५. प्राप्त हुन आएका दरभाउपत्र पूर्णरुपमा स्वीकार गर्ने आंशिक रुपमा स्वीकार गर्ने अथवा पूर्णरुपमा रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई रहनेछ।

६. छात्र/छात्रावास सञ्चालनको क्रममा म्याद गुज्रेका तथा बासी खाना नास्ता सप्लाई गर्न पाइने छैन।

७. दरभाउपत्रदाताले आफुले पेश गरेको दरभाउपत्रको सिलवन्दि खाम बाहिर छात्र/छात्रावास सञ्चालन सम्वन्धि दरभाउपत्र भनी उल्लेख गर्नुपर्ने छ साथै उक्त सिलबन्दि खाम बाहिर स्पष्ट रुपमा दरभाउपत्र दाताले आफ्नो नाम र ठेगाना समेत उल्लेख गरि पेश गर्नुपर्ने छ।

८. मिति २०७८/०५/०८ गतेसम्म कार्यालय समय भित्र यस कार्यालयबाट प्रति दरभाउपत्र रु १०००।०० (एक हजार) पछि फिर्ता नहुने गरि दरभाउपत्र फारम खरिद गर्न सकिने छ।

९. खरिद गरेको दरभाउपत्र रितपूर्वक भरी दरभाउपत्र दाताले दरभाउपत्र फारमको प्रत्येक पानाहरुमा नमेटिने मसिले सही गरि फर्म वा कम्पनीको छाप समेत लगाई मिति २०७८/०५/०९ गते दिनको १२:०० भित्र यस कार्यालयमा सिलबन्दि गरि दर्ता गराई सक्नुपर्ने छ। दर्ता भएको दरभाउपत्र मिति २०७८/०५/०९ गते २:०० बजे देखी दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ। दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएपनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

१०. केरमेट गरिएका स्थानमा दरभाउपत्रदाताले हस्ताक्षर गरी छाप समेत लगाउनुपर्ने छ। अन्यथा त्यस्तो दरभाउपत्र अस्वीकृत गरिने छ।

११. दरभाउपत्र स्वीकृत भएको सूचना प्राप्त भएको मितिले ७ (सात) दिनभित्र स्वीकृति दरभाउपत्रदाताले सम्झौता गर्न आउनुपर्ने छ। यसरी म्याद भित्र सम्झौता गर्न नआएमा दोश्रो वरियताको फर्मलाइ सम्झौताको लागि सूचित गरिनेछ।

१२. एउटै फर्मको दरभाउपत्रहरुलाई अलग अलग दरभाउपत्रको रुपमा स्विकार गरिने छैन। यसरी एउटै फर्मको अलग अलग दरभाउपत्रहरु दाखिला हुन आएमा एउटा दरभाउपत्र मात्र मानिनेछ।

१३. दरभाउपत्र साथ संग्लघन सर्तमा उल्लेख भएका कुराहरुको हकमा उल्लेख भए बमोजिम हुने र यसमा नपरेका कुराहरुको हकमा मदन भण्डारी स्वास्थ्य बिज्ञान प्रतिष्ठान (आर्थिक प्रशासन) नियमावली,२०७७ तथा अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ। साथै यस सम्बन्धी प्रकाशित सूचना पनि यसै दरभाउपत्रको अभिन्न अंग मानिनेछ।

## सेवा करार का मापदण्ड तथा बिशेष शर्त

### १ )कोठा

क) सुत्ने कोठा/ओछ्यान कोठा (राम्रो संग हावा र प्रकाश छिर्ने)

| सुत्ने कोठाको प्रकार | विद्यार्थीको संख्या |
|---|---|
| Single (AC Room /Non AC Room) | 1 |
| Double (AC Room /Non AC Room) | 2 |
| Quadraple(AC Room /Non AC Room) | 3-4 |

ख)भान्छा / भोजन कक्ष

- सामुहिक खाना खाने सुरक्षित स्थान

ग) अध्ययन कोठा

- सहज अध्ययन गर्ने ठाउँ : होस्टलमा बस्नेहरूको संख्या बराबर।

### २) फर्नीचर

- प्रत्येक कोठामा अध्ययन गर्ने टेबल र कुर्सीहरू (प्रत्येक विद्यार्थीको लागि - १ अध्ययन टेबल र १ कुर्सी)
- डबल डेकर बिस्तारा(राम्रो गुणस्तरको ओछ्यान र गद्दा)
- प्रत्येक विद्यार्थीको लागि कपडा र जुत्ता राख्ने दराज
- प्रत्येक कोठामा सिलिंग फ्यान

### ३)सुविधा

- खाना भण्डारणको लागि फ्रिज र पेन्ट्री।
- सफा पिउने पानी।
- Wi-Fi
- कपडा धुने छुट्टै क्षेत्र
- होस्टलको बार्षिक मर्मतसम्भार (रंग लगाउने, पुरानो फर्निचरहरु को मर्मतसम्भार गर्ने वा रिप्लेस गर्ने)
- विद्युत ब्याकअप (इन्भर्टर / जेनरेटर)
- होस्टल भित्र खेलकूद र मनोरन्जन क्षेत्र को लागी खेल मैदानको ब्यबस्था हुनु पर्ने
- आपतकालिन र सामान्य सुविधाहरू
- प्राथमिक उपचारको सामान।

| प्राथमिक उपचारका सामाग्रीहरु |
|---|
| Triangular bandages |
| Roller bandages [including crepe bandages 50mm and 75mm sizes] |
| Sterile dressings [75x75mm packets] |
| Adhesive wound dressing strip [100mm packets] |
| Waterproof adhesive plaster [50mm reel] |
| Sterile non-adhesive pads [100 x 100mm packets] |
| Sterile eye pads |
| Container for pouring water over eye [plastic squeeze bottle] |
| Receptacle for soiled dressings [bucket with foot operated lid] |
| 250 ml antiseptic liquid |
| Safety pins [card] |
| Scissors – surgical or equivalent stainless steel [pair] |
| Splinter forceps, fine point – stainless steel |
| Injury register and pen |
| First Aid Booklet |
| Card listing local emergency numbers |
| Disposable gloves – large size or multi fitting [pairs] |

**४)शौचालय**

क) एक(१) बाथरूम / शौचालयको : ३ विद्यार्थीहरू

ख) परजीवी र अन्य कीराहरूबाट बच्न नियमित Fumigation

ग) सफाई / सुव्यवस्था

घ) लगातार पानी आपूर्ति / पानी भण्डारण सुविधा।

५)**सुरक्षा**

क) सुरक्षा गार्डको प्रावधान

ख) सीमाना क्षेत्र राम्रोसँग पर्खाल

ग) होस्टल भित्र र बाहिर निस्कनका लागि उचित मेन गेट

घ) आगलागी पत्ता लगाउने प्रणालीको साथै आगोको प्रारम्भिक चेतावनी दिन र प्रत्येक Hallway मा Fire Extinguisher को व्यवस्था हुनु पर्ने

ङ) आगलागी भएमा उम्कने सहज मार्गको व्यवस्था

६)**पार्किङ क्षेत्र**

क ) प्रशस्त पार्किङ क्षेत्र

ख) २ पांग्रे र ४ पांग्रे सवारीसाधनका लागि अलग पार्किङ क्षेत्र

ग)पानी र आँधीबेहरीबाट सवारीसाधनलाई जोगाउन पार्किङ स्थल

७)**क्यान्टीन / मेसका लागि खाद्य मेनू**

क) सन्तुलित आहार र विद्यार्थीको खानामा तथा खाजामा विविधता,प्रत्येक दिन फरक फरक तरकारी र प्रत्येक दिन फरक फरक खाजा

ख) आइतवार देखि शनिबार : बिहानको चिया, बिहानको खाना ,खाजा र बेलुकाको खाना

ग)एक अलग भोजन क्षेत्र: ताकि विद्यार्थीहरू उनीहरूको कोठामा खान निरुत्साहित हुन।

घ) खानाको लागि भण्डारण सुविधा फ्रिज र पेन्ट्री।

ङ. सफा पिउने पानी।

(हप्तामा कम्तिमा २ पटक नन-भेज खाना र भेज खाने लाई सोहि बराबरको पौस्टिक खाना )

नोट:

- **छात्र र छात्राको छुट्टा छुट्टै व्यवस्था हुनु पर्नेछ ।**
- **छात्र र छात्राको होस्टल वार्डेनको लागि अलग अलग कोठा तथा खानाको निशुल्क व्यवस्था हुनु पर्नेछ ।**
- **वार्डेनको ब्यवस्था प्रतिष्ठानले तोकेबमोजिम हुनेछ ।**

# मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान

हेटौंडा

## सेवा करारको लागि प्रस्तावित मूल्य (Package A)

| सि.न. | खाना /खाजा | विवरण | प्रति व्यक्ति आपूर्ति एकाई | परिमाण | मूल्य |
|---|---|---|---|---|---|
| १ | चिया | दुध चिया /कालो चिया | 170 ml | १ | |
| २ | खाना | भेज खाना : भात, दाल, २ थरि तरकारी, अचार, दहि (पनिर, च्याउ आदि हप्तामा दुइ पटक) | सेट | १ | |
| | | नन भेज : भात, दाल, २ थरि तरकारी, अचार, दहि दहि (चिकेन, मटन, माछा आदि हप्तामा दुइ पटक) | सेट | १ | |
| ३ | खाजा | अपरान्ह १ पटक प्रत्येक दिन फरक फरक | सेट | १ | |

फर्म वा कम्पनीको नाम:-

हस्ताक्षर: -

छाप:-

# मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान

हेटौंडा

## सेवा करारको लागि प्रस्तावित मूल्य (Package B)

| SN | TYPE OF ROOM | SIZE OF ROOM | NUMBER OF STUDENTS | |
|---|---|---|---|---|
| 1 | SINGLE | | | |
| | AC ROOM | | 1 | |
| | NON AC ROOM | | 1 | |
| 2 | DOUBLE | | | |
| | AC ROOM | | 2 | |
| | NON AC ROOM | | 2 | |
| 3 | QUADRAPLE | | | |
| | AC ROOM | | 3-4 | |
| | NON AC ROOM | | 3-4 | |

फर्म वा कम्पनीको नाम:-

हस्ताक्षर: -

छाप:-

माथि मैले दिएको र भरेको व्यहोरा ठीक साँचो छ । उक्त व्यहोरा फरक परेमा प्रचलित कानुन बमोजिम सजायको भागी हुन मेरो/हाम्रो सहमति भएको व्यहोरा अनुरोध गर्दछु ।

निवेदकको पुरा नाम, थर:

हस्ताक्षर:

अस्थायी ठेगाना:

फोन नं.

फ्याक्स:

निवेदकको फर्म/कम्पनिको नाम:

स्थायी ठेगाना:

फोन नं.

फ्याक्स:

फर्म/कम्पनीको छाप: